# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०२।३२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला मोरङ, रतुवामाई नगरपालिका वडा नं.६ को कार्यालयबाट वितरण गरिदैं आएको सामाजिक सुरक्षा भत्तामा विवरण किर्ते गरी, सामाजिक सुरक्षा भत्ता वापतको रकम अपचलन गरी भ्रष्टाचार गरेकोले आवश्यक छानविन हुन भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला मोरङ्ग, रतुवामाई नगरपालिका वडा नं. ६ बाट प्रदान हुने सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्रदान गर्दा वडाध्यक्षसमेतको मिलेमतोमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नरहेको व्यक्तिलाई लाभग्राहीको सूचिमा प्रविष्ट गरी/गराई सामाजिक सुरक्षा भत्ता कार्ड जारी गरेको एवं नागरिकतामा भएको साविकको जन्म मितिमा फेरबदल गरी सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्न उमेर नै नपुगेका व्यक्तिलाई सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचीमा प्रविष्ट गराउनको निमित्त नागरिकताको प्रथम प्रतिलिपिको लागि वडा कार्यालयबाट गरिने सिफारिसको व्यहोरामा जन्म मितिको उमेर बढाएर बदनियतपूर्ण ढंगले गलत लिखत तयार गरी/गराई सिफारिस गरेको साथै ईलाका प्रशासन कार्यालय रंगेली मोरङले नागरिकताको प्रथम प्रतिलिपि जारी गर्नको निमित्त पेश भएको अनुसूचीको विवरण एकिन नगरी प्रथम प्रतिलिपिका लागि विवरण रहेको कार्यालयबाट विवरण माग तथा रुजु समेत नगरी जन्म मिति फरक पारी प्रतिलिपि नागरिकता जारी गरिदिई बदनियतपूर्ण ढंगले गलत लिखत तयार गर्ने कार्य गरेको पुष्टि हुन आएकोले उक्त कार्यमा संलग्न देहायका कर्मचारीहरु एवं व्यक्तिहरु उपर देहाय बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहाय:**

| सि. नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला मोरङ, रतुवामाई नगरपालिका वडा नं. ६ का वडाध्यक्ष **तुलाराम लुइटेल** | रु.१,६०,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवानाको सजाय हुन साथै गलत लिखत सम्बन्धी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| २. | रतुवामाई नगरपालिका वडा नं. ६ का तत्कालीन वडा सचिव **कल्पना बास्कोटा** | रु.१,४४,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को |

| | | | |
|---|---|---|---|
| | | | उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसा बिगो बमोजिम जरिवानाको सजाय हुन साथै गलत लिखत सम्बन्धी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | ईलाका प्रशासन कार्यालय रंगेली, मोरङका तत्कालीन प्रशासकीय अधिकृत **सुनिल पौडेल** र ऐ.ऐ.कार्यालयका तत्कालीन ना.सु. **रमेश कोइराला** | - | गलत लिखत सम्बन्धी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | रतुवामाई नगरपालिका वडा नं. ६ का **मेगदिप पोखरेल** र **तारा देवी पोखरेल** | रु.१,४४,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र १७ बमोजिम कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा निजहरुलाई मुख्य कसुरदार तुलाराम लुइटेल र कल्पना बास्कोटालाई हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिमको सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वांक्यास बमोजिम मुख्य कसुरदारलाई हुने सजाय सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | रतुवामाई नगरपालिका वडा नं. ६ की **भक्त कुमारी लुईटेल** | रु.१६,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र १७ बमोजिम कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा निजलाई मुख्य कसुरदारहरुलाई हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिमको सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वांक्यास बमोजिम मुख्य कसुरदारलाई हुने सजाय सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
नरहरि घिमिरे